उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

# उत्तरगया गाउँपालिका

## सभामा प्रस्तुत

## आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा ।
१० आषाढ, २०७७

०७७/३/१०

उपेन्द्र लम्साल
अध्यक्ष

## आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम

आदरणीय गाउँसभा सदस्यज्युहरु राष्ट्रसेवक कर्मचारीहरु उत्तरगया बासी दाजुभाई तथा दिदिबहिनीहरु,

अहिले हामी संविधानको सर्वस्वीकार्य लाई बढाउँदै कार्यान्वयनको चरणमा छौ । यो काम जटिल र चुनौतीपूर्ण भएता पनि नयाँ नेपाल निर्माणको ऐतिहासीक अवसरको रुपमा लिएर अगाडी बढ्नुको विकल्प हामीसँग छैन। संविधानमा प्राप्त हक अधिकार सहित गठित यस गाउँपालिकाको अध्यक्ष को हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा अमन चैन प्राप्तीका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुती गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते र वेपत्ता नागरिक प्रति सम्मान प्रकट गर्दछु। राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमीका निर्वाह गर्न सवै अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु।

हामी निर्वाचित भएर यस गाउँपालिकाको विकास र समृद्धिमा लागेको तीन वर्ष वितिसकेको छ । यो तीन वर्षको भोगाईको क्रममा विकास र समृद्धिका लागि हामी सँग प्रसस्त अवसरहरु भएता पनि विविध समस्या चुनौतिहरुका कारण सोचे जस्तो उल्लेखनिय उपलब्धीहरु प्राप्त हुनसकेको छैन । हामीसँग उपलब्ध सिमित साधन र श्रोतका वावजुद पनि यस क्षेत्रको विकाश कसरी गर्न सकिन्छ भन्ने तर्फ हाम्रो सम्पूर्ण उत्तरगया परिवार चिन्तित थियो, छ र हुने नै छ । गणतन्त्र संघीयता सँगै वढेका जनताका आकांक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत समग्र उत्तरगया गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफुलाई गौरवान्वित ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुन सम्पूर्ण गाउँपालिकावासीहरु निर्वाचित जनप्रतिनिधीहरु विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु राजनैतिक दलका साथिहरु, नागरिक समाजका अभियान्ताहरु, अहोरात्र खटिने कर्मचारीहरु, शिक्षक, पत्रकारहरु, समाज सेवीहरु प्रति आभार व्यक्त गर्दछु ।

नेपालको मध्य तथा उत्तरी क्षेत्रमा अवस्थित रसुवा जिल्लाको यस उत्तरगया गाउँपलिका प्राकृतिक श्रोत, कृषी, पशुपालन र पर्यटनमा पर्याप्त सम्भावना बोकेको गाउँपालिका हो । यस गाउँपालिकामा रहेको घलेगढी, उत्तरगयाधाम तथा ठुलोगाउँको प्रसिद्ध भुमेदेवी स्थानको संरक्षणको माध्यमबाट आन्तरिक र बाहय पर्यटक प्रर्वधन गर्न सक्ने सम्भावना पनि उत्तिकै रहेको छ । बैंसी देखी हिमाल सम्मको सवै प्रकारको प्राकृतिक विविधता वोकेको यस क्षेत्रमा कृषी पर्यटनलाई नमूनाको रुपमा विकास गरी समग्र गाउँको आर्थिक सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनीय योगदान हुने सम्भावना रहेको हुदाँ समग्र गाउँपालिकाको आर्थिक विकाश योजना बनाई आगामी दिनमा अगाडी बढाइने छ ।

कोरोना भाइरस (कोभिड १९) को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितीले मानव समुदायका आवश्यकता र प्राथमिकताहरुलाई नै वदलिदिएको छ । त्यसै गरी यसले हरेक मुलुकको अर्थतन्त्र र समग्र शासन प्रक्रियामा पनि गम्भीर असर पारेको छ । यस्तो परिस्थितिमा हरेक तहका सरकारहरुले मुलुकमा आफ्नो तर्फवाट प्रवाह गरिने सार्वजनिक बस्तु तथा सेवाहरुको पुनः प्राथमिकिकरण गर्नुपर्ने भएको छ । यस विषम परिस्थितीसँग जुध्न आफ्ना नियमित प्रयास र तालिकाहरु परिमार्जन गरी अगाढी बढनुपर्ने अवस्था हाम्रो सामु छ । यस परिस्थितिबाट छिट्टै छुटकारा पाउन सक्ने अवस्था नदेखिएकोले यसको असरलाई न्यूनिकरण गर्दै जनजीवनलाई कसरी नियमित तुल्याउने एउटा विषय छ भने अर्को विकास र समृद्धी लाई सँगै लैजानु पर्ने चुनौतिको विषय वन्न पुगेको छ । यसै सन्दर्भमा यस गाउँपालिकालाई कोभिड मुक्त बनाउन स्वास्थ्य, शिक्षा, खानेपानी, कृषी उत्पादन, पशुपालन, पूर्वाधार विकाश र रोजगारी प्रर्वद्धन जस्ता क्षेत्रहरुलाई प्राथमिकतामा राखी यस नयाँ सिर्जीत परिस्थितिलाई सम्बोधन गर्ने गरी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**आदरणीय गाउँसभाका सदस्यज्युहरु**

अव, म यस गाउँपालिकाको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपुर्व यस गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यको बारेमा संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

**सोच**

सभ्य समृद्ध उत्तरगया हाम्रो शान, कृषी जलश्रोत पर्यटन विकासको अभियान ।

## लक्ष्य

उत्तरगया गाउँपालिकाका सवै नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने ।

## उद्देश्य

१। उत्तरगया गाउँपालिकाका सवै नागरिकको घर दैलोमा विकासका पुर्वाधारको सहज पहुँच पुऱ्याउने।

२। आधुनिक र ब्यवसायीक कृषी प्रणाली तथा उद्योग पर्यापर्यटन मार्फत उद्यमशीलता र रोजगारीको अवसर सिर्जना गरी जनताको आयस्तरमा वृद्धि गर्ने।

३। शिक्षामा सवै वालवालिकाको समान पहुँच र गुणस्तरीय शिक्षाको सूनिश्चित गर्ने।

४। उत्तरगया गाउँपालिकामा जोखिममा रहेका वर्ग र सामाजिक विभेद र उत्पीडनमा परेका नागरिकहरुको दुर्व्यवहार, भेदभाव, र हिंसाको अन्त्य सँगै समतामूलक विकास मार्फत सम्मानपूर्वक जीवन जिउन पाउने वातावरण निर्माण गर्ने।

५। गुणस्तरीय स्वास्थ्य सेवा तथा सूरक्षित खानेपानी र सरसफाईमा नागरिकको सहज पहुँच पुऱ्याउने।

६। वातावरणीय सन्तुलनलाई ध्यान दिई जलाधारको संरक्षण गर्दै प्रकोप जोखिम न्युनिकरण विपद ब्यवस्थापनको माध्यमबाट स्वच्छ वातावरण युक्त समुदाय निर्माण गर्ने।

७। कोभिड १९ को संक्रमणको कारण असहज परिस्थितिलाई न्यूनिकरण गरी सहज परिस्थितिमा रुपान्तरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

८। गाउँपालिकाद्धारा प्रवाह हुने सेवा तथा राजश्व संकलनमा पारदर्शीता, जावफदेहीता र नागरिक सन्तुष्टी कायम गर्ने,

९। स्थानिय श्रोत साधनहरुको उच्चतम परिचालन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने,

१०। स्थानीय कच्चा पदार्थ सीप र प्रविधिको प्रयोग हुने तथा रोजगारी सिर्जना गर्ने आयोजना छनौटमा प्राथमिकता दिने।

११। कोभिड-१९ वाट उत्पन्न विषम परिस्थितिलाई व्यवस्थित गर्न क्वारेन्टीन, हेल्पडेस्कको व्यवस्थित गर्ने तथा राहत वितरण प्रोत्साहन दिने भन्दा रोजगारीबाट राहत दिने कामका लागि खाद्यान्न कार्यक्रम लाई प्रोत्साहन गरिनेछ ।

**नीतिहरु**

**पूर्वाधार विकास तर्फ(सडक, सिंचाई, उर्जा, संचार)**

१। स्थानीय सडकहरुको निर्माण तथा उपयोग गर्दा वातावरणीय सन्तुलनलाई ध्यान दिई खास गरी पानीको मुहान, वनको संरक्षणलाई प्राथमिकता दिईने छ । डोजर जस्ता ठूला मेसिनको जथाभावी प्रयोगलाई निरुत्साहीत गरिने छ।

२। खेतीयोग्य जमिनमा सिंचाईको सम्भाव्यता अध्ययन गरी खोला तथा थोपा सिंचाई विस्तार योजना मार्फत उत्पादन वृद्धिमा जोड दिइनेछ।

३। गाउँपालिका भित्रका प्रत्येक नागरिकलाई सूचनाको हक दिलाउन रेडियो र साप्ताहिक पत्रिका मार्फत सूचना प्रवाह गरिने कार्यक्रलाई प्राथमिकता दिइने छ।

४। पूर्वाधार अर्न्तगतका सवै निर्माण कार्य उत्पादनमुखी वातावरणमैत्री, जेष्ठ नागरिक मैत्री, अपागंमैत्री, वालमैत्री र प्रकोप प्रतिरोधी बनाइनेछ।

५। गाउँपालिकाका सबै वस्तीहरु सडक सञ्जालबाट जोड्नको लागि वजेट विनियोजनमा प्राथमिकता दिइनेछ र वडा केन्द्र जोड्ने सडकको स्तरोन्नती गरिनेछ।

६। स्थानीय सडक गुरुयोजना बनाई पर्यटकीय, ऐतिहासीक र हरित सडकहरुमा वर्गिकरण गर्ने र सोही अनुरुप प्राथमिकताक्रम अनुसार मात्र वजेट विनियोजन गने नीति लिइनेछ।

७। भुकम्प पछि विस्तारित परिवारलाई साविकको स्थानमा नै पुर्नवास गरी व्यवस्थित वस्ती विकास गर्ने नीति लिइनेछ।

८। खेती योग्य जमिनमा सिंचाई गर्ने योजनालाई प्राथमिकता दिइने।

**आर्थिक विकास( कृषी, उद्योग, वाणिज्य, पर्यटन, सहकारी)**

१। "सभ्य समृद्ध उत्तरगया हाम्रो शान, कृषी जलश्रोत पर्यटन विकासको अभियान" भन्ने मूल नारालाई सापेक्ष तुल्याउन कृषी उत्पादनमा वृद्धी ल्याउन विभिन्न कार्यक्रम गर्ने, जलश्रोतको उच्चतम उपयोग गर्ने तथा पर्यटकीय क्षेत्रको रुपमा रहेको विभिन्न धरोहरहरुको संरक्षण गर्ने नीति लिइनेछ।

२। प्राकृतिक श्रोत ब्यवस्थापन तथा आर्थिक विकासका अभियानमा स्थानीय समुदायको सहभागितालाई प्रोत्साहीत गरिनेछ।

३। पशुमा लागेका रोगको पहिचान तथा उपचारको लागि रोग निदान तथा डिस्पेन्सरी कार्यक्रम सञ्चालन गरिनेछ।

४। हिउँदे तथा वर्षे फलफुल खेतीलाई प्रोत्साहन दिदै विभिन्न कृषी उपज उत्पादनको पकेट क्षेत्र घोषणा गरी कृषी उत्पादन वृद्धिमा सहयोग पुऱ्याइनेछ।

५। स्थानीय तहमा उपलब्ध खानी तथा खनिज पदार्थको तथ्याङ्क संकलन गर्ने तथा संरक्षण र उपयोग सम्बन्धि नीति तथा मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

६। खेतीयोग्य जग्गामा वालीनाली र खेती अयोग्य तथा कमसल जग्गामा पशुपालन सञ्चालन गर्ने, खेर गएको भिर पाखामा चिउरी, तेजपात र अन्य बहुवर्षीय घाँस र डालेघाँस लगाउन कृषकहरुलाई प्रेरित गरिनेछ।

७। दातृ संस्था, गैरसरकारी संस्था, प्रदेश र केन्द्रसँग समन्वय र सहकार्यमा आर्थिक विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ।

८। पर्यटन प्रवर्धनको लागि एकिकृत उत्तरगया धाम र घलेगढीको एकिकृत विकासलाई ब्यवस्थित गरी पूर्वाधार निर्माणमा जोड दिइनेछ।

९। तिरु, ठूलोगाउँ, डाडाँगाउँ क्षेत्रमा फलफुल वाली किवि, अलैची अदुवा वेसार ओखर आलु जस्ता वालीहरुको पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ।

१०। कृषी फर्म, कृषी सहकारीसँग व्यावसायीक कृषी तथा पशुपालन उत्पादनको लागि साझेदारी कार्यक्रम अगाडी वढाइनेछ।

११। तरकारी पकेट क्षेत्रमा यूवा तथा आमा समुहलाई समेटी रोजगारीमा आवद्ध गरिनेछ।

१२। व्यावसायीक पशुपालन (बाख्रा, भैसी, गाई) गर्ने कृषकको दर्ता भएका फर्महरुलाई संरक्षण तथा साझदारी कार्यक्रमको व्यवस्था गरी रोजगारीको सृजना गरिनेछ।

१३। पशु विमा गर्ने कार्यक्रमलाई विस्तार गरिनेछ।

१४। गैर कृषीजन्य क्रियाकलापमा भुमीको प्रयोगलाई निरुत्साहीत गरी कृषी प्रणालीलाई व्यवस्थित गर्न भू-उपयोग योजना निर्माण गरिनेछ।

१५। "कृषीमा उद्यमशिलता आजको आवश्यकता" भन्ने नाराको साथ कृषीको आधुनिकिकरण गरी कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धी गरिनेछ र साना तथा घरेलु उद्योगीहरुको सञ्चालनको लागि सहजिकरण गरिनेछ।

१६। कृषी तथा पशुपालन व्यावसायको जोखिम न्युनिकरणका लागि वाली तथा पशु विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषक पाठशाला, नयाँ प्रविधिको प्रयोग, कृषक अध्ययन अनुभव भ्रमण जस्ता सिर्जनात्मक काम गरिनेछ । पशुपालनलाई आय आर्जनको आधारको रुपमा स्थापीत गरिनेछ । जसका लागि नश्ल सुधार, कृतिम गर्भाधारण, चरन क्षेत्र विकासमा जोड दिइनेछ।

१७। वनजंगलमा पाइने जडिबुटी उत्पालन तथा प्रशोधन केन्द्रको स्थापनाको लागि लगानीकर्तालाई आमन्त्रण गरिनेछ।

१८। एक वडा एक नमूना सहकारी कार्यक्रम अवलम्बन गरिनेछ,

१९। विदेशमा रोजगार गरी फर्केका सिपयुक्त जनशक्तिलाई उद्यम (रोजगारी प्रर्वधन) गर्नको लागि लगानीमा साझेदारी कार्यक्रम गर्न नीति लिइनेछ।

उपेन्द्र लम्साल
अध्यक्ष

२०। आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिइनेछ।

२१। कृषी क्षेत्रमा रासायनीक मलको प्रयोगलाई न्युकिरण गरी जैविक मल उत्पादन र प्रयोगलाई प्रोत्साहित गरिनेछ।

२२। त्रिशुली नदिको आसपासमा माछापालन गर्न चाहने कृषकलाई लगानीको लागि प्रोत्साहित गरि रोजगारीमा अभिवृद्धी गरिनेछ।

२३। कृषी उत्पादन भएका वस्तुलाई नष्ट हुन नदिन वजारिकरणमा सहयोग गर्न, कृषी बस्तुको उचित मुल्य तोक्न, शीतभण्डार र संकलन केन्द्र स्थापना र संचालन गर्न जोड दिइनेछ।

२४ कृषी उत्पादन तथा उत्पादकत्व वढाउन माटो परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**सामाजिक विकास ( शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, संस्कृती, समावेशीकरण)**

१। उत्तरगया गाउँपालिकाको विद्यालय शिक्षालाई व्यवस्थापन तथा नियमन गर्न मैजूदा कानुनी व्यवस्था वमोजिम कार्यान्वयन गरिनेछ।

२। विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न प्रत्येक वडामा एक/एक वटा नमुना विद्यालय सञ्चालन गरिनेछ,

३। आधारभूत शिक्षाको पहुँच पुऱ्याउन भर्ना अभियान कार्यक्रम लाई प्रभावकारी बनाइनेछ।

४। विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न आधारभूत तथा माध्यमिक तह स्तरीय विविध अतिरिक्त कृयाकलामहरु संचालन गरिनेछ।

५। विद्यालय शिक्षालाई प्रविधी मैत्री बनाउन तथा गुणस्तरमा सुधार का लागि शिक्षण सिकाईमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पठन पाठनको व्यवस्था गर्न शिक्षकहरुलाई आसिटी( ICT) सम्बन्धी तालिम र प्रशिक्षणको व्यवस्था गरिनेछ, साथै अनलाइन शिक्षण तथा रेडियो शिक्षक कार्यक्रम मार्फत शिक्षण सिकाईलाई प्रोत्साहित गरिनेछ।

६। विद्यालय शिक्षामा पारदर्शिता, सुशासन, जवाफदेहीता, उत्तरदायित्व प्रवर्धन गर्न विद्यालय अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई प्रभावकारी वनाइनेछ।

७। वालवालिकाको सहभागिता तथा नेतृत्व क्षमता विकास गर्न विद्यालयहरुमा वालक्लव तथा इको क्लव गठन गर्न प्रोत्साहीत गरिनेछ।

८। विद्यालय वाहिर रहेका विद्यालय उमेर समुहका वालवालिकालाई शिक्षाको पहुँचमा ल्याइनेछ।

९। संस्थागत विद्यालयहरुमा बालमैत्री वातावरण सूनिश्चित गर्न नियमनको दायरामा ल्याइनेछ।

१०। शिक्षा क्षेत्रमा कार्यरत मानव श्रोतको ज्ञान सीप तथा क्षमता अभिवृद्धी गर्न अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११। उत्कृष्ठ विद्यालय छनौट गरी पुरस्कृत गरीनुका साथै शैक्षिक वेरोजगार यूवालाई लक्षीत गरी सीपमा आधारित तालिम तथा लोकसेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ।

१२। खेलकुद क्षेत्रको विकाश गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गर्ने तथा खेलकुद मैदान/कभर्ड हल निर्माण गर्न पहल गरिनेछ।

१३ कोरोना जोखिमलाई मध्यनजर गर्दै विद्यालयमा सामान्यतया स्वास्थ्य उपकरणको व्यवस्था सुरक्षा सतर्कता अपनाई कक्षा सञ्चालनमा जोड दिइनेछ।

१४ एक विद्यालय एक नर्स कार्यक्रमलाइ थप प्रभावकारी वनाउँदै प्रदेश वाट माग गरी हाल सञ्चालनकोमा रहेकोमा थप गरिने छ।

१५ विद्यालयममा लेखा प्रणाली चुस्त र दुरुस्त राखी, आर्थिक पारदर्शिता, उत्तरदायीत्वको लागि आवश्यक व्यवस्थाको सूरुवात गरिनेछ।

१६ वालमैत्री विद्यालय निर्माणको कार्य सञ्चालन स्वरुप विद्यालय फन पार्कको अवधारणालाई अगाडी सारिनेछ।

१७ वालशिक्षा, विद्यालय सहायक, लेखापाललाई प्रोत्साहन अनुदानलाई निरन्तरता दिदै थपगर्दै लगिने छ।

१८ उत्तरगया गाउँपालिका विविधतायुक्त भाषा, संस्कृती, धर्म कलाको संगमको रुपमा रहेकोले शिक्षाको माध्यमबाट भाषिक संरक्षण र प्रर्वद्धनात्मक कार्यमा जोड दिइनेछ।

१९ विहानिले दिउँसोको संकेत गर्दछ भने जस्तै वच्चाले सानोमा राम्रो गर्न सिके पछि स्वतः राम्रो तिरनै लैजान सकिने उद्देश्यले प्रतिस्पर्धात्मक युगमा वच्चालाई समायोजन बनाउने खालका प्रशिक्षणहरु वालकक्षा शिक्षकलाई प्रदानगर्ने।

२० शैक्षिक उपलब्धीलाई प्रतिस्पर्धात्मक र गुणस्तरीय वनाउन प्रोत्साहन गर्न परिक्षणको रुपमा नतिजामा आधारित फन्डको ब्यवस्थालाई गरिनेछ।

२१। पालिका वाटै विद्यालयलाई निरीक्षण गर्ने खालको प्रविधीको प्रयोगलाई अगाडी वढाइनेछ।

२२ शिक्षामा उत्तरगयाको पहिचानलाई विशेष जोड दिइने छ।

२३। उत्तरगया गाउँपालिकाको लैगिंक समता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

२४। हरेक योजना निर्माण प्रकृयामा महिला, वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका ब्यक्ति, दलित, आदिवासी, जनजातीको सहभागिता सुनिश्चित गरिने छ।

२५। "जसको सवाल उसैको संलग्नता र नेतृत्व " भन्ने नाराको साथमा वाल क्वल, महिला समुह, एकल महिल सञ्जाल, जेष्ठनागरिक क्लब, दलित समूह, अपांगता भएका ब्यक्तिहरुको संस्थाको सशक्तिकरण र सवलिकरणमा जोड दिइनेछ।

२६। सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शिता उत्तरदायी जवाफदेही बनाउन परिचय पत्रको वितरण र विवरण अध्यावधिक कार्यलाई निरन्तरता दिइनेछ र सामाजिक सुरक्षा पाउन योग्य तथा नपाएको ब्यक्तिलाई घर दैलोमा पुगेर सेवा उपलब्ध गराइनेछ।

२७। जेष्ठ नागरिक वुवा आमाको संरक्षण नगर्ने छोराछोरी प्रति गाउँपालिकाले कडाइका साथ निगरानी राख्ने छ र गाउँपालिका द्वारा प्रदान गरिने सेवामा कडाई गरिने छ, र राम्रो गर्ने मध्य प्रत्येक वडाका एक जना लाई श्रवणकुमार पुरस्कार बाट मनोनित गरिनेछ।

२८। "उत्तरगयाका महिला विकासमा महिला" भन्ने नारालाई मूर्त रुप दिन प्रत्येक वडामा कम्तीमा १ उपभोक्ता समिति महिलाको मात्र बनाउने नीति अवलम्बन गरिनेछ।

२९। कोभिड-१९ को प्रकोपलाई न्युनिकरण मा थप प्रभावकारी बनाउनको लागि सामुदायीक स्वास्थ्य तथा सरसफाई प्रवर्धन लाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयंसेविका र महिला समूहहरु परिचालन गरिनेछ।

३०। खानेपानी तथा सरसफाई सम्बन्धी गुरुयोजना निर्माण गरी एक घर एक धाराको नीति लाई कार्यान्वयन गरिनेछ।

३१। गाउँपालिकामा प्रसुती सेवा सहितको १५ शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ।

३२। आयुर्वेद सेवालाई वैकल्पिक चिकित्साको रुपमा अघि वढाइनेछ।

३३। युवाहरुको सीप र क्षमतामा वृद्धीगरी रोजगारी मुलक योजनाको छनौट गर्ने रोजगारीको अवसरमा वृद्धि गर्ने साथै एक बहु प्राविधिक शिक्षालय स्थापनाको लागि केन्द्र तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ।

३४। कोभिड -१९ को कारण उत्पन्न भएको जोखिमलाई नियन्त्रण र व्यवस्थापन गर्न स्वास्थ्य सामाग्रीहरुको व्यवस्था गरिनेछ।

३६। उत्तरगयाका नागरीकहरुको ल्बड बैंकमा पहुँच पुऱ्याउन नुवाकोटमा रहेको ब्लड वैंकलाई आर्थिक सहयोग गरीने छ।

**वातावरण तथा विपद व्यवस्थापन(वन तथा भूसंरक्षण, जालाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन)**

१। वन वातावरण तथा जलाधार संरक्षण नीति एंव विपद व्यवस्थापन तथा जलवायु उत्थानसिल योजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ।

२। वन वातावरण र विपद व्यवस्थापनलाई प्रभावकारी वनाउन संस्थागत क्षमता वढाउने, जनशक्ति व्यवस्थापन, स्थानीय सहभागिता प्रवर्धन गरिनेछ।

३। जोखिम युक्त  स्थानमा बसोबास गरिरहेका घर परिवारको सुरक्षा गर्ने साथै खेती योग्य जमिन संरक्षणको लागि भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

उपेन्द्र लम्साल
अध्यक्ष

४। विपद व्यवस्थापन कोषको वृद्धी गरी प्राकृतिक प्रकोपमा परेका परिवारको संरक्षणमा जोड दिइनेछ।

५। विभिन्न सञ्चारको माध्यम मार्फत प्रकोप जोखिम न्यूनिकरण सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

६। नयाँ बन्ने सवै घर तथा संरचनालाई भुकम्प प्रतिरोधी वनाईने व्यवस्था गरिनेछ र पुर्ननिर्माण अन्तर्गत आवास निर्माण कार्यक्रमलाई सहजिकरण गरिनेछ।

७। गाउँपालिकाद्धारा निर्मित विपद व्यवस्थापन तथा प्रतिकार्य योजनाको आधारमा विपदको पुर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै कोभिड-१९ को कारण सृजित आपतकालिकन अवस्थालाई व्यवस्थित गर्न उद्धार तथा राहत कोष र सामाग्रीको थप व्यवस्था गरिनेछ।

८। सार्वजनिक जग्गा तथा वन क्षेत्रलाई वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिदै वन क्षेत्रलाई आर्थिक स्रोतको प्रमुख आधार बनाइनेछ।

१०। उत्पादनमूलक क्षेत्रमा भू-संरक्षण तथा जलउत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**संस्थागत विकास तथा सेवा प्रवाह**

१। सेवा प्रवाहमा प्रवक्ता एंव सूचना अधिकारीको कार्यविवरण तयार गरी प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ।

२। उत्तरगया गाउँपालिकाको सुशासन कार्यविधी तयार गरी लागु गरिनेछ।

३। समग्र क्षेत्रको सूचनालाई अद्यावधिक र व्यवस्थित गरिनेछ।

४। गाउँपालिकाको कार्यालयमा स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरुको लागि कर्मचारी कल्याणकारी कोष स्थापना गर्ने नीति लिइनेछ।

५। वेत्रावती वजार क्षेत्रमा कम्तिमा ३ ठाउँमा सि.सि. क्यामेरा जडान गरिनेछ।

६। जनप्रतिनिधी तथा कर्मचारीहरुको आचार संहिता निर्माण गरी कार्यान्वयन गरिनेछ।

७। उत्तरगया गाउँपालिकाको दक्षता, जवाफदेहीता पारदर्शिता प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्न विभिन्न रेडियो,पत्रिका, अनलाइन वेभसाइट र मोवाइल एप्स मार्फत सूचना प्रवाह गरिनेछ।

८। कार्य सम्पादनको आधारमा उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गरिनेछ।

९। जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित, लोपोन्मुख, आदिवासी, जनजातीलाई प्रदान गर्नका लागि पारदर्शिता र जवाफदेही वितरण प्रणाली गर्न वैंकिङ प्रणालीलाई निरन्तरता दिइनेछ।

१०। दलित, सिमान्तकृत, लोपोन्मुख, आदिवासी जनजाती र अपांगत भएका व्यक्तिहरुको अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रचलन अनुरुप सामाजिक सुरक्षाको प्रत्याभूती गरिनेछ।

११। अपाङ्गताको प्रकृती हेरी उपयुक्त सीपमुलक तालिम प्रदान गरी रोजगारीका अवसरहरुमा पँहुच विस्तार गरिनेछ तथा उक्त वर्गको स्वरोजगारका अवसरहरुको सृजना गर्दै उद्यमशिलताको विकाश गरिनेछ।

१२। कोभिड-१९ को कारण विदेश स्थित विभिन्न पेशा /व्यवसायमा संलग्न रहि विभिन्न ज्ञान सीप प्राप्त गरेका युवाहरुलाई सोही ज्ञान सीपको आधारमा व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गरी रोजगारीको अवसरको सृजना गरिनेछ।

१३। पाँच वटै वडा कार्यालयहरुबाट अनलाइन घटना दर्ता प्रणाली मार्फत घटना दर्ता गरि प्रमाणपत्र प्रदान गरिनेछ।

१४। युवा स्वरोजगार र आत्मनिर्भता सम्वन्धी कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ जसको लागि लक्षित वर्गलाई उत्पादन र आयआर्जन संग जोड्न प्रोत्साहन गरिने छ।

१५ "उत्तरगयाको उपहार घरघरमा रोजगार" कार्यक्रम अन्र्तगम यस वर्ष छनौटमा परेका ठाउँहरुमा होमस्टेको परिक्षणस्वरुप सुरुवात गर्न प्रोत्साहन गरिने छ र आगामी वर्षहरुमा निरन्तरता दिइने छ।

१६ युवा मैत्री उद्यम सञ्चालन प्रर्वदनमा जोड दिइनेछ।

१७ आगामी केही कृषीमा आत्मनिर्भर उत्तरगया निर्माणका लागि पहल गरिने छ।



उपेन्द्र लम्साल
अध्यक्ष

अन्तमा उत्तरगया गाउँपालिकाको विकास र समृद्धीका लागि यो नीति तथा कार्यक्रमले मात्र गति प्राप्त गर्न सक्दैन यसमा तपाई हामी सबैको अथक परिश्रम, लगनशिलता र समर्पण भावको जरुरी हुन्छ । हरेका विषय र व्यक्तिका विच विभिन्न बुझाईहरु अन्तरहरु हुन सक्दछ यद्यपी ती सबै क्षेत्रका विषय र व्यक्तिको अन्तिम ध्येय राष्ट्रको समुन्नती समृद्धी बन्न सके आपसी द्धन्द्वहरु समाप्त हुनेछन। उत्तरगया गाउँपालिकाको विकाश तथा समृद्धीको लागि निशर्त र निश्वार्थ भावले लागि रहन सम्पूर्ण जनप्रतिनिधी, राजनितिक दल, आम नागरिक कर्मचारी पत्रकार तथा गैरसरकारी संघ संस्था विकाश साझेदार तथा सरोकारवालाहरु सवैमा आह्वान सकृय तथा रचनात्मक सहयोगको अपेक्षा गर्दै यही दिशामा आफु पनि लागिरहने प्रण गर्दछु।

धन्यवाद,

जय उत्तरगया ।

जय नेपाल ।